नेपाल सरकार

## संघीय मामिला स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

## बाँके, नेपालगञ्ज

☎ ०८१ -५२०१९६
०८१ -५२०३३०
०८१ -५२०३३१
०८१ -५२०१९६ Fax

**प.सं.:-योजना ०७३।७४**
**च.नं.:-**

मिति:- २०७३/८/१६

**विषय :- बजेट सिमा तथा मार्गदर्शन पठाइएको बारे ।**

श्री नेपालगंज उप-महा न.पा. र कोहलपुर न.पा./ गाविसको कार्यालय, सबै
बांके ।

प्रस्तुत विषयमा यस जिल्लाको आगामी आ.व. २०७४/७५को लागि **जिल्ला विकास योजना** तर्जुमाका लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सिमा र मार्गदर्शन यसै साथ संलग्न राखी जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ । र साथै सोही अुनसार आगामी आ.व.को लागि कार्यक्रम तथा बजेट तय गर्नहुन समेत अनुरोध गरिन्छ ।

---

नेपाल सरकार

## संघीय मामिला स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

## बाँके, नेपालगञ्ज

☎ ०८१ -५२०१९६
०८१ -५२०३३०
०८१ -५२०३३१
०८१ -५२०१९६ Fax

**प.सं.:-योजना ०७३।७४**
**च.नं.:-**

मिति:- २०७३/८/१६

**विषय :- बजेट सिमा तथा मार्गदर्शन पठाइएको बारे ।**

श्री नेपालगंज उप-महा न.पा. र कोहलपुर न.पा./ गाविसको कार्यालय, सबै
बांके ।

प्रस्तुत विषयमा यस जिल्लाको आगामी आ.व. २०७४/७५को लागि **जिल्ला विकास योजना** तर्जुमाका लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सिमा र मार्गदर्शन यसै साथ संलग्न राखी जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ । र साथै सोही अुनसार आगामी आ.व.को लागि कार्यक्रम तथा बजेट तय गर्नहुन समेत अनुरोध गरिन्छ ।

# आ.व. २०७४/७५ को बजेट तथा कार्यक्रम तयार गर्ने सम्बन्धी स्थानीय निकायहरुलाई मार्गदर्शन

नेपालको संविधान लागू भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक पद्दतिमा प्रवेश गरिसकेको छ। सो अनुसार स्थानीय निकायको पुनर्संरचना लागू भएपछि सोही बमोजिम मार्गदर्शन तथा बजेट सीमामा संशोधन गर्ने गरी अहिलेलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ बमोजिम आगामी आ.व. २०७४/७५ को लागि जिल्लास्तरीय बजेट र कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा साविकमा जस्तै यस आयोगबाट बजेट सीमा सहित यो मार्गदर्शन तर्जुमा गरिएको छ ।यस मार्गदर्शन अनुरुप वार्षिक कार्यक्रम तर्जुमा गर्नुका साथै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५ अनुसार फाल्गुण मसान्तभित्रै जिल्ला परिषद्को बैठक सम्पन्न गरी परिषद्बाट पारित वार्षिक विकास कार्यक्रम २०७३ साल चैत्र १० गते भित्र यस आयोग र सम्बन्धित मन्त्रालयमा पुग्ने गरी पठाउन समेत अनुरोध गरिएको छ । साथै यो मार्गदर्शन बमोजिम तर्जुमा गरिएको बजेट तथा कार्यक्रम संविधान कार्यान्वयन तथा संघीयता कार्यान्वयनको संक्रमणकालीन अवस्थामा जिल्ला विकास समितिहरु नरहने अवस्था भएमा स्थानीय तहमा कार्यक्रम तथा बजेट व्यवस्थापन गराउनुपर्नेछ ।

**क. समष्टिगत मार्गदर्शनः**

१. चौधौं योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।साथै सो योजनाको प्रादेशिक तथा स्थानीय पूर्वाधार (५.५) र संघीयता तथा स्थानीय स्वायत्त शासन (७.२.१) कार्यान्वयनमा प्राथमिकता दिने ।

२. कार्यक्रम तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरू (SDGs)का सम्बन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने ।

३. जिल्लाको आवधिक जिल्ला विकास योजना, क्षेत्रगत गुरुयोजना वा रणनीतिक योजना (जस्तै कृषि, उद्योग, पर्यटन, सडक, विपद्, जलवायु, वातावरण आदि), जिल्ला पुनर्लाभ योजना (भूकम्प प्रभावित जिल्लाहरुको लागि) तयार भइसकेको भए ती योजनाहरुलाई समेत आधार मानेर वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

४. जिल्ला विकास समिति र जिल्लास्थित क्षेत्रगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ लाई समेत आधार मानी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्ने । यस कार्यमा क्षेत्रगत निकायहरुले अनिवार्य रुपमा मागमा आधारित योजना निर्माणको लागि स्थानीय तहको १४ चरणको योजना तर्जुमाको प्रक्रियाबाट माग भै आएका योजनालाई वार्षिक कार्यक्रममा समावेश गर्ने । साथै क्षेत्रगत निकायहरुले जिल्ला विकास समितिलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

५. स्थानीय निकाय र क्षेत्रगत निकायहरुले कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा स्थानीय निकायमा हुने पुनःसंरचनालाई सहयोग पुग्ने गरी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

६. विनाशकारी भू-कम्पबाट अति प्रभावित १४ जिल्ला तथा आंशिक प्रभावित १७ जिल्लामा हुने पुनर्निर्माण र पुनर्स्थापना कार्यक्रमलाई उच्च प्राथमिकता दिने ।

७. जिल्ला विकास समितिले स्थानीय निकायहरु, क्षेत्रगत सरकारी कार्यालयहरु, जिल्लामा क्रियाशील गैरसरकारी संघसंस्थाहरु, दातृ निकायका स्थानीय एकाईहरु, नागरिक समाज एबम् निजी क्षेत्रबाट लगानी हुने साधन स्रोतको एकीकृत विवरण तयार गरी सबै साझेदार र सरोकारवालाहरुसँग अन्तर्क्रिया र समन्वय गरी वार्षिक विकास योजना तर्जुमा गर्ने कार्यको अगुवाई गर्ने ।

८. वैदेशिक सहयोगमा संचालित आयोजनाहरुको हकमा नेपाल सरकारको विकास सहायता नीति, २०७१ तथा दातृ निकायसँग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

९. नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी/जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने ।

१०. जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, सेन्दाई विपद् जोखिम न्युनीकरण संरचना(Sendai DRR Framework) र विपद्पछिको आवश्यकता आँकलन संरचना (PDNA Framework)अपांगमैत्री एवं बाल मैत्री स्थानीय शासन, पोषणसुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, जस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय निकायको अगुवाईमा तत् सम्बन्धी प्राथमिकताहरु प्रतिविम्वित हुने गरी वार्षिक कार्यक्रममा क्रियाकलाप समावेश गर्ने ।

११. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन/मूल्याङ्कन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपांगता भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी वातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

१२. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा स्थानीय तहको बहु प्रकोप जोखिम लेखाजोखा, विपद् पूर्वतयारी, विपद् न्यूनीकरण/अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ/पुनर्निर्माण सम्बन्धी कार्यहरू पहिचान, बहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद्/जलवायु जोखिम व्यवस्थापन योजना र यस्ता योजनाहरूले निर्दिष्ट गरेका प्राथमिकताहरू स्थानीय विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने ।

१३. नयाँ आयोजना प्रस्ताव गर्दा अनुसूचि १ मा संलग्न फाराम भरी अनिवार्य रुपमा स्वीकृत भएको हुनुपर्ने । साथै, उक्त प्रस्तावमा आयोजनाको लागत, समयावधि, लाभको परिमाण र गुणस्तर स्पष्ट भएको हुनुपर्ने । समयावधि किटान नभएको आयोजनालाई प्रस्ताव नगर्ने ।

## ख. आयोजनाको तर्जुमा एवम् छनौट सम्बन्धमा

१४. विकास आयोजनाहरुको छनौट गर्दा आयोजनाको सर्वेक्षण, ड्रईङ्ग, डिजाईन तथा लागत इस्टिमेट लगायत सम्पूर्ण योजना प्रकृया पुरा भएका आयोजनाहरू मात्र समावेश गर्ने ।

१५. आयोजनाहरु छनौट गर्दा उत्पादनशील रोजगारी वृद्धि, गरिबी न्यूनीकरण, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनीकरण, समावेशी विकासमा सहयोग पुर्‍याउने, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुर्‍याउने तथा जनसहभागिता जुटाउन सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

१६. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा भूगोल(क्षेत्रफल) (२० प्रतिशत), गरिबी (मानव विकास सुचङ्काङ्क) (३२.५ प्रतिशत), जनसंख्या (४० प्रतिशत) र सेवा प्रवाह लागत (७.५ प्रतिशत), आधार मानी सन्तुलन कायम हुने गरी गर्ने ।

१७. नयाँ घोषणा गरिएका नगरपालिकाहरुको भौतिक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकता दिने ।

१८. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट नछुट्याउने ।

१९. सम्पन्न भईसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार बजेटको व्यवस्था गर्ने ।

२०. चालु खर्च सकेसम्म नियन्त्रण गर्ने ।राजनैतिक प्रकृतिका आयोजनाहरूलाई बजेट नछुट्याउने ।

२१. स्थानीय निकायको अगुवाईमा हुने सहभागितामूलक समावेशी वार्षिक योजना प्रक्रिया (चौध तहको योजना प्रक्रिया)बाट माग भै आउने आयोजना मध्ये जिल्लास्तरमा सम्बोधन गर्न नसकिने आयोजनाहरुलाई केन्द्रियस्तरमा समावेश गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालय मार्फत त्यस्ता मागहरूको व्यवस्थापन गर्ने ।

२२. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालयले अन्य सरकारी निकाय, स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजसँग अन्तर्क्रिया एवं समन्वय गरी सूचना एकिकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

२३. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने ।

२४. विपद् जोखिम न्यूनिकरणसम्बन्धी योजना छनौट गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

२५. क्रमागत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने गरी प्रस्ताव गर्ने । लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने।

२६. जिल्ला खाद्य सुरक्षाका कार्यक्रम/आयोजना तर्जुमा गर्दा जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार पारेको खाद्य सुरक्षा प्रतिकार्य योजनालाई आधार बनाउने ।

**ग. आयोजनाको कार्यान्वयन सम्बन्धमा**

२७. जिल्लामा पुगेको स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुर्‍याउन जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम/आयोजनालाई स्रोतको कमी हुन नदिने र विभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२८. स्थानीय निकायले अन्य संघसंस्थासँग सहकार्य गरी संयुक्त लगानीमा सञ्चालन गर्ने कार्यक्रम/आयोजनाहरुका लागि सम्झौता बमोजिमको आवश्यक पर्ने साझेदारी वा लागत सहभागिता रकम समपूरक कोष (Matching Fund) मा आवश्यक रकम छुटयाउने ।

२९. कार्यक्रम/आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा जनसहभागिता जुटाउने ।

३०. कार्यक्रम/आयोजनाको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र केन्द्रीय निर्देशन तथा स्थानीय निकायले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय सामग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित नगरिने नीति अवलम्वन गर्ने ।

३१. स्थानीय निकायबाट सञ्चालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु कार्यक्रम/आयोजना गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता कार्यक्रम/आयोजना सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

३२. वार्षिक योजना तथा कार्यक्रम तयार गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत विनियोजित रकमको सीमाभित्र रही भौतिक पूर्वाधार निर्माण कार्यको सुनिश्चितता कायम गर्न सहयोग गर्ने गरी व्यवस्थापिका संसदका माननीय सदस्यहरुले छनौट गर्नु हुने पूर्वाधार आयोजनाहरु जनसहभागिताका आधारमा सञ्चालन गरिने प्रत्येक निर्वाचन क्षेत्र विकास कार्यक्रम समेतलाई योजना प्रकृयामा ल्याउने प्रयोजनका लागि सम्बन्धित क्षेत्रका व्यवस्थापिका–संसदका माननीय सदस्यहरुसँग समन्वय गरी यसमा समावेश गर्ने व्यवस्था मिलाउने ।

३३. जनसहभागितामा आधारित कार्यक्रम लगायत निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट योजना तर्जुमा गरी माग गर्ने आयोजनाहरूको सूची र लागत सहित तत् सम्बन्धी निर्देशिका र जिल्ला विकास समिति योजना पुस्तिकामा रहेको क्रमागत सूचीहरूलाई मध्यनजर गरी कार्यान्वयन हुने व्यवस्था मिलाउने ।

**घ. अनुगमन मूल्याङ्कन सम्बन्धमा**

३४. एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

३५. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुशरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

**ङ. अन्तरसम्बन्धित विषयहरु (Cross Cutting Issues)**

३६. रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, विपद् तथा जलवायुजन्य जोखिम न्युनीकरण, विपद् व्यवस्थापन, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा वृद्धि एवम् त्यसमा जनताको सहज पहुँच, सामाजिक सुरक्षा, अपांगमैत्री वा बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, समावेशीकरण र सशक्तीकरण जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

३७. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्ने व्यवस्थालाई थप विस्तार गर्ने ।

३८. स्थानीय तहमा सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपदबाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

३९. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण एवं वातावरण संरक्षणका लागि स्थानीय निकायको आन्तरिक श्रोतको निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाउने र यस सम्बन्धी कार्यक्रमहरू स्थानीय योजना तर्जुमा प्रक्रियामा समावेश गराउने ।

४०. विपद् र जलवायुजन्य जोखिम व्यवस्थापनलाई प्राथमिकता दिने समूह, क्लब, विद्यालय, उपभोक्ता समिति र गा.वि.स.लाई तहगत रुपमा दिइने अनुदानमा १० प्रतिशत थप गरी प्रोत्साहित गर्ने व्यवस्था मिलाउने । यसका लागि जिल्ला विकास समितिले नागरिक वडा मञ्च, गा.वि.स. वा नगरपालिका परामर्श समिति वा विपद् व्यवस्थापन समितिलाई अभिमुखीकरण गर्ने ।

अनुसूची १

# जिल्लास्तरीय विकास आयोजना प्रस्ताव गर्ने फाराम

**खण्ड कः आयोजनाको आधारभूत विवरण**

१. आयोजनाको नामः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरू

(क) कार्यान्वयन क्षेत्रः जिल्लाः निर्वाचन क्षेत्रः न.पा./गा.वि.स.:

(ख) छनौटका आधारहरूः

५. आयोजनाको अनुमानित कुल लागतः

६. दातृ संस्थाः

७. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष)

(क) सुरु हुने मितिः (ख) सम्पन्न हुने मितिः

८. आयोजनाका प्रमुख क्रियाकलापहरूः

९. आयोजनाको किसिमः

सेवा प्रधान ☐ उत्पादन प्रधान ☐ निर्माण प्रधान ☐

अनुसन्धान प्रधान ☐ ासन प्रधान ☐

(एक वा एक भन्दा बढी कोठमा चिन्ह लगाउने ।)

१०. आयोजना कार्यान्वयन गर्ने निकायः

**खण्ड खः आयोजनाको वित्तीय/आर्थिक पक्ष**

११. आयोजनाको लागत व्यहोर्ने स्रोत विवरणः (रु. हजारमा)

| विवरण | रकम | विवरण | रकम |
|---|---|---|---|
| **आन्तरिक स्रोत** | | **वैदेशिक स्रोत** | |
| नेपाल सरकार | | ऋण | |
| स्थानीय निकाय/संस्था | | अनुदान | |
| जनसहभागिता | | प्राविधिक सहायता | |
| **जम्मा** | | **जम्मा** | |

१२. आयोजनाको कूल रकमको वार्षिक बाँडफाँड (रु. हजारमा)

| पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|
| | | | | |

१३. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक/प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन? नभएको भए हुन नपर्ने कारणः

(ग) आर्थिक/प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१४. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

- खुद वर्तमान मूल्य (Net Present Value – NPV)
- लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

१५. वातावरणीय प्रभाव मूल्याङ्कनको सङ्क्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने)

१६. आयोजनाको कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क)लाभान्वित हुने कूल जनसङ्ख्याः

कुल जनसङ्ख्याः ☐ महिलाः ☐ बालबालिकाः ☐

आदिवासी जनजातिः ☐ दलितः ☐ मुस्लिमः ☐

मधेशीः ☐ अन्य भए खुलाउनेः ☐

**खण्ड गः प्रशासनिक तथा व्यवस्थापकीय विवरण**

१८. (क) आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्थाः

(ख) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

१९. आयोजनाको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Exit / Mainstreaming Strategy) सम्बन्धी व्यवस्थाः

# बांके जिल्लाको आ.व. २०७४/०७५ को लागि वजेट सिलिङ

| क्र.सं. | कार्यक्रम/आयोजना | चालु | पूंजीगत | जम्मा |
|---|---|---|---|---|
| | **नेपाल सरकारबाट प्राप्त हुने केन्द्रिय अनुदान तर्फ** | | | |
| १ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम | १२५४८ | ६८८१ | १९४२९ |
| २ | कृषि प्रसार कार्यक्रम | ३९८८२ | ३९८२ | ४३८६४ |
| ३ | घरबगैचा कार्यक्रम | १७३१ | | १७३१ |
| ४ | उच्च मध्यम स्तरिय ठुला खानेपानी आयोजना | | १७१६९ | १७१६९ |
| ५ | पशु सेवा प्रसार कार्यक्रम | ३७४०१ | ५५१५ | ४२९१६ |
| ६ | पर्यटन पूवाधार विकास आयोजना | ५९७५ | १३३२२ | १९२९७ |
| ७ | पुरातात्तीक संरक्षण | ५८३ | ४२०२ | ४७८५ |
| ८ | संस्कृती प्रवर्द्धन कार्यक्रम | ११७६७ | ६१९ | १२३८६ |
| ९ | जिल्ला भूसंरक्षण कार्यक्रम | ४१५३ | ७९२८ | १२०८१ |
| १० | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | ११८५ | २०७२ | ३२५७ |
| ११ | सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम | ४८१० | १०९१ | ५९०१ |
| १२ | वनस्पति अध्ययंन अनुसंधान तथा बजारीकरण | ८४४ | २२३ | १०६७ |
| १३ | राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रम | ५२२०७ | | ५२२०७ |
| १४ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | | २३३५९ | २३३५९ |
| १५ | अन्य शहरी सडक | | १७०६४ | १७०६४ |
| १६ | महिला विकास कार्यक्रम (महिला जागृति कार्यक्रम समेत) | १७३२७ | २२७८ | १९६०५ |
| १७ | खेलकुद विकास कार्यक्रम | २८५८ | ३३८१ | ६२३९ |
| १८ | खानेपानी तथा सरसफाई कार्यक्रम | ८३३७ | ७७७२८ | ८६०६५ |
| १९ | स्थानीय शान्ति समिति | २७६७ | ३३ | २८०० |
| २० | शान्तिको लागि विकास कार्यक्रम | | १०१९७ | १०१९७ |
| २१ | विद्यालय क्षेत्र विकास कार्यक्रम | ४०९५२४ | २१२१ | ४११६४५ |
| २२ | जिल्ला विकास समिति अनुदान | ६३४५० | | ६३४५० |
| २३ | गाविस अनुदान | २०९१८५ | | २०९१८५ |
| २४ | नगरपालिका अनुदान | १६०९६१ | | १६०९६१ |
| २५ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | १८७३ | ५२१३ | ७०८६ |
| २६ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १२१ | १५८४७ | १५९६८ |
| २७ | झोलंगे पुल क्षेत्रगत कार्यक्रम | ७९८३ | १५८०५ | २३७८८ |
| २८ | स्थानीय विकास शुल्क कोष | ५३४९४ | | ५३४९४ |
| २९ | स्थानीय स्तरका सडक पुल तथा सामूदायिक पहुंच सुधार | ३२ | ५६९१० | ५६९४२ |
| ३० | साना सिचाई, नदि नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम | २१ | ९०४४ | ९०६५ |
| ३१ | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम | २६८२ | १४२९९४ | १४५६७६ |
| ३२ | गरीब संग विशेश्वर कार्यक्रम | २४१२ | | २४१२ |
| ३३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १३५००० | | १३५००० |
| ३४ | आर्थिक केन्द्र तथा दुई जिल्ला जोडने सडक | | १९७५९ | १९७५९ |
| ३५ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार | ९५६ | | ९५६ |
| ३६ | राष्ट्रिय तालिम कार्यक्रम | ४८७ | ८७ | ५७४ |
| ३७ | एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम | १०२४१३ | ६८५२६ | १७०९३९ |
| ३८ | क्षयरोग नियन्त्रण | ३७७६ | ९७ | ३८७३ |
| ३९ | आयुर्वेद सेवा कार्यक्रम | १६९४ | ३७५९ | ५४५३ |
| | **नेपाल सरकारबाट प्राप्त जम्मा बजेट** | **१३६०४३९** | **५३७२०६** | **१८९७६४५** |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | **जिविसको आन्तरिक श्रोत तर्फ** | | | |
| १ | राजश्व बांडफांड | | ३०००० | |
| २ | आन्तरीक आय | १०००० | १००००० | |
| ३ | शिक्षा, स्वास्थ्य तथा आकस्मिक कोष | | ५०००० | |
| | **जिविसको आन्तरिक आय जम्मा बजेट** | **१००००** | **१८००००** | **१९००००** |
| | **बाँके जिल्लाको कूल बजेट** | **१३७०४३९** | **७१७२०६** | **२०८७६४५** |

**समग्रमा**

**कुल बजेट : रु. २ अरब ८ करोड ७६ लाख ४५ हजार**

चालु : रु. १ अरब ३७ करोड ४ लाख ३९ हजार

पूंजिगत : रु. ७१ करोड ७२ लाख ६ हजार

## योजना छनौटका आधार तथा सूचकहरु

१. जिल्ला आवधिक योजना, शिक्षा योजना, जिल्ला यातायात गुरु योजना, र कृषि योजनाले प्राथमिकता दिएका योजनाहरु,

२. वस्तुगत विवरण, श्रोत नक्सा, गरिवी नक्शांकनले औंल्याएका स्थान तथा वर्गलाई सहयोग पुग्ने योजनाहरु,

३. गरिवी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रम,

४. सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने आयमूलक कार्यक्रमहरु,

५. कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरु,

६. छोटो समयमा सम्पन्न भई वढी प्रतिफल दिने कार्यक्रम,

७. कम लगानीबाट वढी नागरिकलाई लाभ पुऱ्याउने कार्यक्रम,

८. वढी भन्दा वढी स्थानीय वासिन्दाहरुको सहभागिता र श्रम प्राप्त हुने आयोजना/कार्यक्रमहरु,

९. हरेक योजनाको जन्म वस्तीबाट हुन्छ भन्ने सिद्धान्तलाई पालना गरेका योजना,

१०. पिछडिएका तथा उत्पीडित जाति, जनजाति, मुश्लिम, सिमान्तकृत एवं महिला, वालवालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु,

११. स्थानीय श्रोत, साधन, सीप र क्षमताको परिचालनबाट सञ्चालन हुन सक्ने कार्यक्रमहरु,

१२. दैविप्रकोप नियन्त्रण तथा वातावरण संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रहरु,

१३. गा.वि.स./न.पा सँग सम्बन्धित राष्ट्रिय प्राथमिकता कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमहरु ।

# योजना छनौट तथा प्राथमिकिकरण सम्बन्धी फारामहरु

## फारम नं. १

## आ.व............को लागि योजना प्राथमिकताक्रम निर्धारण फाराम

**गाविसको नाम:-** .............................................................................................. ईलाका नं.:- ................

| क्र.सं. | योजनाको नाम | वडा नं. | बस्तीका नाम | राष्ट्रिय प्राथमिकता ३५ | | | | | | | जम्मा | स्थानीय प्राथमिकता ३० | | | | | | जम्मा | आयोजनाको प्राथमिकता | | | | | | जम्मा | कूल जम्मा | प्राथमिकताको आधारमा क्र.सं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कम लागत | आय मूलक | उत्पादक मूलक | रोजगार मूलक | गरिबी निवारण | आधारभूत आवश्यकता | भौगोलिक विकटता | (३५) | स्थानीय श्रोत | जनशक्ति परिचालन | संस्थाको योगदान | पिछडिएका जनजाति | महिला सहभागिता | संचालन | (३०) | आयोजनाको ज्ञान | उ.स.गठन प्रक्रिया | योजना माग प्रक्रिया | जनसहभागिता | मर्मत सम्भार पक्ष | दिर्घकालिन फाइदा | (३५) | १०० | | |
| | | | | (५) | (५) | (५) | (५) | (५) | (५) | (५) | | (५) | (५) | (५) | (५) | (५) | (५) | | (६) | (६) | (६) | (६) | (६) | (५) | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# फारम नं. २

## ईलाका स्तरमा योजना माग फारम

**गाविसको नाम:-** ..................................................................................... ईलाका नं.:- ................

| सि.नं. | शीर्षक | आयोजनाको नाम | वार्ड र स्थान | प्राथमिकिकरण | प्रमुख ६ आयोजना | लक्ष्य | लाभान्वित जनसंख्या | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| **क) कृषि वन तथा वातावरण समिति** | | | | | | | | | |
| १ | कृषि विकास | | | | | | | | |
| २ | पशु विकास | | | | | | | | |
| ३ | पर्यटन विकास | | | | | | | | |
| ४ | वन | | | | | | | | |
| ५ | भू-संरक्षण | | | | | | | | |
| ६ | वातावरण संरक्षण | | | | | | | | |
| ७ | सामुदायिक वन | | | | | | | | |
| **ख) पूर्वाधार संरचना विकास समिति** | | | | | | | | | |
| १ | मोटर बाटो | | | | | | | | |
| २ | ढल निर्माण | | | | | | | | |
| ३ | झो. पुल | | | | | | | | |
| ४ | खानेपानी तथा सरसफाई | | | | | | | | |
| **ग) जनसंख्या, स्वास्थ्य तथा सामाजिक समिति** | | | | | | | | | |
| १ | जनसंख्या | | | | | | | | |
| २ | स्वास्थ्य | | | | | | | | |
| ३ | शिक्षा | | | | | | | | |
| **घ) जलश्रोत तथा भूमि व्यवस्थापन समिति** | | | | | | | | | |
| १ | सिंचाई | | | | | | | | |
| २ | नदी नियन्त्रण तटवन्ध | | | | | | | | |
| ३ | विधुतिकरण | | | | | | | | |
| **ड) महिला, बालबालिका तथा गैर सरकारी संस्था समन्वय समिति** | | | | | | | | | |
| १ | महिला तथा वालवालिका विकास | | | | | | | | |
| २ | दलित उत्पीडित उत्थान कार्यक्रम | | | | | | | | |
| **च) मानवीय संसाधन संस्थागत विकास तथा समन्वय समिति** | | | | | | | | | |
| १ | घरेलु उधोग | | | | | | | | |

नोटः १) प्रत्येक समितिको लागि बढीमा २ वटा योजना छनौट गर्न सकिने र बढीमा ६ योजनाहरु म ाात्र समावेश गर्नु पर्ने

२) लक्ष्यमा इकाई, संख्या, जना, वटा, कि.मी., हेक्टर, टन, के.जी. आदिमा उललेख गर्ने